नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
**सर्लाही भन्सार कार्यालय**
मलगंवा,सर्लाही ।

Website www.customs.gov.np/sarlahi
फोन नं. ९८५४०४२१४५

## भन्सार नियमावली २०६४ को नियम ३५(१) बमोजिम गोप्य सिलबन्दी बोलपत्रद्धारा पत्रु/कवाडीका साधन लिलाम बिक्रि गर्ने बारेको २१(एक्काइस) दिने सूचनाः

**(प्रथम पटक सूचना प्रकाशित मितिः२०८३/०१/०४)**

यस सर्लाही भन्सार कार्यालय, सर्लाहीमा भन्सार चोरी पैठारी/निकासी अभियोगमा दाखिला भएका सवारीसाधनहरु दर्ता नहुने पत्रु(कवाडी/Scrap) भन्सार नियमावली,२०६४ को नियम ३५(१) बमोजिम यस भन्सार कार्यालयले सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने भएकोले इच्छुक फर्म वा संघ/संस्थाले यो सुचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन (मितिः२०८३/०१/२४ गते) भित्र सूचनामा उल्लेखित श[illegible]रुको अधीनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी साथै भन्सार विभागको वेवसाईट www.customs.gov.np र यस कार्यालयको वेवसाईट www.customs.gov.np/sarlahi समेतमा हेर्न सकिनेछ। नियमानुसार बोलपत्र फाराम दस्तुर प्रभु बैंक लिमिटेड, सर्लाही शाखामा राजस्व शीर्षक नं. १४२२९(अन्य प्रशासनिक शुल्क) मा यस भन्सार कार्यालय कोड नं.३०५०३१९०१ र राजस्व खाता नं.०७००१२५९४४३०००२१ मा बुझाई (फिर्ता नहुने गरी) यस भन्सार कार्यालयबाट खरिद गर्न सकिनेछ।साथै आफुले कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम समेत जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैंक भौचर बोलपत्र फाराम साथ यस भन्सार कार्यालयमा पेश गर्नुपर्ने छ।अन्य व्यहोरा बुझ्नुपर्ने भएमा यस कार्यालय समयभित्र यस कार्यालयको मुद्धा शाखाबाट बुझ्न सकिनेछ।

| क.सं. | पत्रु/कवाडीका सवारी साधनहरु संख्या | न्युन्तम मूल्य रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | विभिन्न मुद्धाहरुमा दर्ता रहेका यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरि पत्रु(कवाडी)मा लिलाम हुने मोटरसाइकल १९३ थान र रथ ३ थान जम्मा १९६ थान | १८,३६,५००/०० | २,०००/०० | |

### शर्तहरु

१ प्रति बोलपत्र फाराम पत्रु/कवाडी सवारीको हकमा रु.२,०००।०० (दुई हजार) मात्र पछि फिर्ता नहुने गरी प्रभु बैंक लि. मा रहेको यस सर्लाही भन्सार कार्यालयको राजश्व खाता नं.०७००१२५९४४३०००२१ मा कार्यालयको कोड नं.३०५०३१९०१ र राजस्व संकेत नं.१४२२९(अन्य प्रशासनिक शुल्क) मा बुझाएको सक्कल भौचर पेश गरी यस कार्यालको मुद्धा शाखाबाट सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) औं दिन **मिति २०८३।०१।२४** सम्म कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ । यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरि पत्रु/कवाडी (स्क्राप) मा लिलाम बिक्रि गरिने सवारी साधनहरु पत्रु/कवाडीको कारोबार गर्न ईजाजत पत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले निवेदन पेश गरी बोलपत्र फारम गरिद गर्न सक्नेछन ।
२. आफुले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरि स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट गरिएको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ ।
३. बोलपत्र फारम पेश गर्दा सो बोलपत्र फर्म/कम्पनी/संघ/संस्थाको हकमा स्थायी लेखा नम्बर को दर्ता प्रमाणपत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि खामभित्र राखी खाममा शिलछाप समेत लगाई पेश गर्नुपर्नेछ । खाम बाहिर बोलपत्र सूचनाको सिरियल नम्बर बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. खुलाउनु पर्नेछ
४.बोलपत्रदाताहरुले जसको नाममा बोलपत्र फारम खरिद गरिएको हो सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट बिक्रि गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र पेश गर्नुपर्नेछ । साथै कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुनेछैन ।
५. यस कार्यालयबाट खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले २२ औं दिन **मिति २०८३।०१।२५** को अपरान्ह १२:०० बजे सम्म यस कार्यालयको मुद्धा शाखामा (सो दिन सार्वजनिक बिदा परेको अवस्थामा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिन दिउँसो १४:०० बजे बोलपत्रदाता र अन्य तोकिएका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

प्रमुख भन्सार अधिकृत

६. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पार्टीमा सूचना प्रकाशित गरि जानकारी गराईनेछ । साथै भन्सार विभागको वेबसाईट www.custom.gov.np र यस कार्यालयको वेबसाइट www.custom.gov.np/sarlahi मा राखिएको सूचनाबाट समेत हेर्न सकिनेछ ।

७. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि सो रकममा नियमानुसार लाग्ने मू.अ.कर दाखिला गरि बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सवारी साधन उठाई लैजानु पर्नेछ । म्याद भित्र उठाई नलगेमा भन्सार नियमावली २०६४ को नियम ३६ को उपनियम ४ बमोजिम धरौटी रकम जफत गरि न्युनतम मूल्य भन्दा बढी कबोल गर्ने क्रमश: पछिल्ला बोलपत्रदाताको कबोल अंक स्वीकृत गरिनेछ ।

८. यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने पत्रु/कवाडी (स्क्राप) मा लिलाम बिक्रि गरिएका सवारी तथा ढुवानी साधनहरु लिलाम सकार कर्ताले उठाई लैजानु अगाडी नै आफ्नो खर्चमा प्रत्येक साधनहरुको चेसिस र इन्जिन नम्बरहरु रद्ध गरि टुक्रा पारी पत्रु/कवाडिको रुपमा उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरि संशोधन, स्थगन वा रद्ध गर्न सक्नेछ । साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. सवारी साधनहरु हेर्न तथा अन्य थप जानकारी लिनको लागि कार्यालय समयभित्र मुद्धा शाखामा सम्पर्क गर्न सकिनेछ । यसमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख भन्सार अधिकृत